आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:-१३ औं   बैठक प्रारम्भ:- विहान ३:०० बजे

बैठक सञ्चालन मितिः- २०८१।११।०५ गते सोमबार

चैनपुर नगरपालिकाका नगर प्रमुख कृष्ण कुमार तामाङको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको लिखित निर्णयहरु गरियो ।

| सि.नं. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ्ग | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुदावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ्ग | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. का वा वडाध्यक्ष) | श्री मेघराज विश्वकर्मा | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्ती वहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती त्रिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सदस्य-सचिव | कमल गौतम | |



द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट नियमानुसार प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा

नगर कार्यपालिकाको बैठक कार्यसूचि

मितिः- २०८१/११/०५ गते सोमबार

**प्रस्तावहरु**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को विद्यालयहरुको दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धमा।
३. प्रदेश स्तरीय आयोजना माग गर्ने सम्बन्धमा ।
४. प्रदेशमा क्षमता विकास तालिम माग ।
५. वन्यजन्तु नियन्त्रण सम्बन्धमा ।
६. प्रदेश न्यायधिवक्तासँग परामर्श गर्न जाने सम्बन्धमा ।
७. अन्य विविध सम्बन्धमा ।

क. मेडिकल अधिकृत आठौ तहको थप तलब भत्ता सम्बन्धमा ।
ख. शारदा माध्यामिक विद्यालय चैनपुर ३ को कक्षा १२ को विज्ञान विषय अध्यापन अनुमति सम्बन्धमा ।
ग. वैकंल्पकि उम्मेदार नियुक्ति गर्ने सम्बन्धमा ।
घ. प्राथामिक स्वास्थ्य केन्द्र चैनपुरमा कार्यरत कर्मचारी कुमर भण्डारीलाई अहेव चौथो तहको पारिश्रमिक नगरपालिकाबाट उपलब्ध गराउने सम्बन्धमा ।
ङ. मजुवा – माक्पा सिरिसे सडक वडा नं. १० मजुवा माक्पा लेवारिङ सडक र लेवारीङ कल्लेरी इखुम्वा दुम्कट्टा सडक मार्ग निर्माण सम्बन्धमा ।
च. सि सि क्यामेरा जडान सम्बन्धमा ।
छ. जग्गा वर्गीकरण सिफारिस सम्बन्धमा ।
ज. आर्थिक तथा भौतिक सहायता सम्बन्धमा ।



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट नियमानुसार प्राप्त गर्न सकिनेछ ।

**निर्णयहरु**

**निर्णय नं. १.** प्रस्ताव नं. १ उपर छलफल गर्दा अघिल्लो १२ औं कार्यपालिका बैठकको समिक्षा गर्दा केही प्रस्ताव कार्यान्वयनमा रहेको र सम्पन्न गर्न बाँकी प्रस्तावलाई कार्यान्वयनका लागि कार्यालयले ताकेता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. १ उपर छलफल गर्दा चैनपुर नगरपालिकाको दरबन्दी मिलान तथा व्यवस्थापन समिति २०८१ मार्फत पेश भई नगर शिक्षा समितिबाट स्वीकृत गरि कार्यपालिका बैठकमा पेश भएकोले उक्त प्रतिवेदन कार्यान्वयन गर्नका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.** उपर्युक्त प्रस्ताव उपर छलफल गर्दा प्रदेश योजना आयोग, कोशी प्रदेशको मिति २०८१।१०।२४ गतेको परिपत्रानुसार निर्णय मिति २०८१।१०।२२ गतेको १५ दिन भित्र योजना छनौट गरि तोकिएको कार्यालय मार्फत योजना माग गर्नु पर्ने भएको हुँदा यस नगरपालिका अन्तर्गतका शाखाहरु र वडाहरु मार्फत आयोजना तयार गरि २०८१।११।०६ गते भित्र तोकिएबमोजिम आयोजना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताव उपर छलफल गर्दा सुशासन सम्वन्धी शीर्षकमा मुख्यमन्त्री तथा मन्त्री परिषद् कार्यालयमा क्षमता विकास तालिम माग गर्ने निर्णय गरियो ।

**निर्यण नं ५** प्रस्ताव उपर ५ छलफल गर्दा चैनपुर नगरपालिका क्षेत्रमा वन्यजन्तुको ठूलो आतङ्क बढेको हुँदा सो वन्यजन्तु नियन्त्रण सम्बन्धी कार्यक्रम गर्न सम्बन्धित निकायमा प्रस्ताव पेश गर्ने निर्णय गरियो

**निर्यण नं ६** प्रस्ताव उपर ६ छलफल गर्दा चैनपुर नगरपालिकाको विभिन्न काम सम्पन्न गर्ने सन्दर्भमा कानूनी जटिलता आएकोले कानूनी परामर्श गर्न चैनपुर नगरपालिका प्रमुख श्री कृष्ण कुमार तामाङ कोशी प्रदेश न्यायधिवक्तासँग परामर्श गर्न जाने निर्णय गरियो ।

**निर्णय नं. ७**

क. उपर्यूक्त प्रस्ताव उपर छलफल गर्दा मिति २०८१/११/०४ परीक्षाबाट छनौट भएका मेडिकल अधिकृत आठौं तहका कर्मचारी डा अमिशा घिमिरे र डा नवल किशोर साह लाई थप प्रोत्साहन रु ५००००। दिने निर्णय गरियो ।

ख. उपर्यूक्त प्रस्ताव उपर छलफल गर्दा शारदा माध्यामिक विद्यालय चैनपुर ३ मा कक्षा ११ मा गत बर्ष विज्ञान विषय सञ्चालनका लागि अनुमति प्रदान गरिएकोमा यस शैक्षिक सत्रबाट कक्षा १२ मा विज्ञान विषय सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

ग. उपर्यूक्त प्रस्ताव उपर छलफल गर्दा चैनपुर नगरपालिका वडा नं ४ मा रहेको शहरी स्वास्थ्य केन्द्र प्याङकोटमा कार्यरत अहेब श्री सुर्य बहादुर थुलुङ राई राजिनामा दिएकाले उक्त रिक्त पदमा बैकल्पिक १ का उम्मेदवार अन्य कार्यलयमा सिफारिश भएकाले बैकल्पिक २ का उम्मेदवार सिर्जना तामाङलाई सिफारिश गर्ने निर्णय गरियो ।

घ. उपर्यूक्त प्रस्ताव उपर छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र चैनपुरमा कार्यरत कर्मचारी कुमार भण्डारीलाई अहेब चौथो तहको पारिश्रमिक नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट नियमानुसार प्राप्त गर्न सकिनेछ ।

घ. उपर्युक्त प्रस्ताव उपर छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र चैनपुरमा कार्यरत कर्मचारी कुमार भण्डारीलाई अहेव चौथो तहको पारिश्रमिक नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।

ङ. उपर्युक्त प्रस्ताव उपर छलफल गर्दा लेवारिङ जोड्न अपुरो भएकाले थप ०+५४० देखि ०+६९० सम्म मार्ग बिस्तार गर्न अतिरिक्त बजेट आवश्यक भएकाले ठेक्का बाट बाँकी रहेको रकमबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ (१ ) को खण्ड क देखि च र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८६ अनुसार सोझै खरिद प्रकृयाद्वारा प्राविधिक इष्टिमेट अनुसार सडक निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

च. उक्त प्रस्ताव उपर छलफल गर्दा चैनपुर नगरपालिका शिक्षा शाखाको आ व २०८१।०८२ को वार्षिक बजेटबाट शारदा मा वि त्रिशूलेमा सि सि क्यामेरा जडानका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

छ. उक्त प्रस्ताव उपर छलफल गर्दा चैनपुर नगरपालिका वडा नं ३ स्थित शिवनाथ जोगीको नाममा दर्ता कायम भएको जग्गा कि न ५१ र ५० क्षेत्रफल क्रमश १३१० र १५५० व मि कृषि क्षेत्रमा परेको हुदा सो जग्गा आवासीय क्षेत्रमा कायम गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने साथै सो वडा बस्ने श्री बिमल चन्द्र अधिकारीको नाममा दर्ता कायम भएको कि न २५५ क्षेत्रफल ७८१० आवास र कृषिमा दुबै क्षेत्रमा दोहोरो परेकोले उक्त कि नं कृषि क्षेत्रमा कायम गर्न वडाको सिफारिस अनुसार सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो । साथै दोहोरो परेको आवासीय कि न २५५ हटाउन सिफारिस गर्ने निर्णय गरियो ।

ज. उपर्युक्त प्रस्ताव उपर छलफल गर्दा माग निवेदनका आधारमा तपशील बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स | नाम | ठेगाना | सहायता माग | आर्थिक अवस्था दिएको | शीर्षक |
|---|---|---|---|---|---|
| १ | जलकन्या भजन कृतन तथा साँस्कृतिक समुह | चैनपुर ६ | रु. एक लाख चौधहजार दुइ सय मात्र | रु१५०००। | आर्थिक सहायता |
| २ | छत्रबहादुर रम्तेल | चैनपुर ७ | रेबिज भ्याक्सिनको रकम | रु५०००। | आर्थिक सहायता |
| ३ | अम्बर बहादुर अधिकारी | चैनपुर ३ | जस्तापाता खरिद | २ बण्डल खरिदको बिल | आर्थिक सहायता |
| ४ | श्याम बहादुर दाहाल | चैनपुर ११ | जस्तापाता खरिद | २ बण्डल खरिदको बिल | आर्थिक सहायता |

उल्लेखित निर्णयहरु गर्दै बैठक अन्त्य।



द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट नियमानुसार प्राप्त गर्न सकिनेछ ।